# नेपाल दूरसञ्चार प्राधिकरण

(अनुमतिपत्र शाखा)

प.सं.:- अ.शा. २०७४।७५
च.नं.:- ११४२५

मिति:- २०७५।३।२१

श्री आन्तरिक राजश्व विभाग
नीति विश्लेषण शाखा
लाजिम्पाट, काठमाडौं ।

विषय: दूरसञ्चार सेवा सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा तहांको प.स. २०७४।७५ च.नं. १५४ मिति २०७५।३।१ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । सो सम्बन्धमा देहाय बमोजिम खुलाई पठाइएको व्यहोरा अनुरोध छ ।

१. इन्टर्नेट सेवा प्रदायकले प्रदान गर्ने इन्टर्नेट बाहेकका अन्य गैर दूरसञ्चार सेवामा दूरसञ्चार सेवा शुल्क नलाग्ने व्यहोरा अनुरोध छ ।
२. यस प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गरी सञ्चालित दूरसञ्चार सेवाहरु देहाय बमोजिम रहेको व्यहोरा अनुरोध छ र यी दूरसञ्चार सेवाहरुमा मात्र दूरसञ्चार सेवा शुल्क लाग्ने व्यहोरा अनुरोध छ

१. मोबाइल सेवा (भ्वाइस र डाटा सेवा)
२. Fixed Line Telephone सेवा
३. अन्तर्राष्ट्रिय ट्रंक टेलिफोन सेवा
४. इन्टर्नेट सेवा
५. ग्लोबल मोबाइल पर्सनल कम्युनिकेशन सिष्टम (GMPCS ) Satellite Phone
६. भिस्याट (इन्टर्नेट वा टेलिफोन वा दुवै)
७. भिडियो कन्फरेसिङ्ग सेवा
८. प्रि-पेड कलिङ्ग कार्ड सेवा

३. इन्टर्नेट सेवा प्रदायकले प्रदान गर्ने अन्य गैर दूरसञ्चार सेवाहरु जस्तै Web Service, Co-Location, Hosted Service, Disaster Recovery, Managed Service, Data Center, Cloud Service जस्ता सेवामा दूरसञ्चार सेवा शुल्क नलाग्ने व्यहोरा समेत अनुरोध छ ।

आनन्दराज खनाल
निमित्त कार्यालय प्रमुख

बोधार्थ:

# नेपाल दूरसञ्चार प्राधिकरण

(आर्थिक विश्लेषण तथा उपभोक्ताहित संरक्षण शाखा)


.सं:- ०७५/०७६ -४६
च.नं:- ४६४

मिति: २०७५/०४/२७

श्री मर्कन्टायल कम्युनिकेशन प्रा.लि.,
दरबारमार्ग, काठमाडौ ।

श्री कम्युनिकेशन एण्ड कम्युनिकेट नेपाल प्रा.लि.,
पानीपोखरी, काठमाण्डौं ।

श्री वर्ल्डलिङ्क कम्युनिकेशन प्रा.लि.,
जावलाखेल, ललितपुर ।

श्री वेभ सर्फर नेपाल कम्युनिकेशन सिस्टम प्रा.लि.,
तिनकुने, काठमाडौ ।

श्री सुविसु केवल नेट प्रा.लि.,
बालुवाटार, काठमाडौ ।

श्री फाईबर अनलाईन प्रा.लि.,
जावलाखेल, ललितपुर ।

श्री लुम्बिनी नेट प्रा.लि.,
धोबीघाट-३, सानेपा, ललितपुर ।

श्री क्लासिक टेक प्रा.लि.,
नयाँ बानेश्वर, काठमाडौं ।

श्री आईटेल कम्यूनिकेशन प्रा.लि.,
जावलाखेल, ललितपुर ।

श्री टेकमाईण्डस् नेटवर्क प्रा.लि.,
भरतपुर-३, शहिदमार्ग, चितवन ।

श्री नेपाल डिजिटल सर्भिस प्रा.लि.,
टोखा-१३, काठमाडौं ।

श्री भायानेट कम्युनिकेशन प्रा.लि.,
जावलाखेल, ललितपुर ।

श्री नेपाल इन्फ्रा एण्ड कम्युनिकेशन प्रा.लि.,
महाराजगंज, काठमाडौं ।

विषयः **कार्यन्वयन गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्वन्धमा आर्थिक ऐन २०७५ ले २०७५ श्रावण १ गतेदेखि इन्टरनेट सेवामा १३ प्रतिशत दूरसंचार सेवा शूल्क लिने गरी व्यवस्था भएकोमा सो व्यबस्थाबाट इन्टरनेट शूल्कमा बृद्धी हुने रकम समायोजन गर्न अर्थ मन्त्रालय,सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,दूरसंचार प्राधिकरण र इन्टरनेट सेवा प्रदायक समेत इन्टरनेट सेवाको मूल्य बृद्धी नहुने गरी मूल्य समायोजन गर्ने र तत्काल सर्बसाधरण उपभोक्ताले तिर्ने इन्टरनेट सेवाको मूल्यमा कुनै बृद्धी नगर्ने गरी सर्वसाधरणलाई बिलिङ्ग गर्न सहमति भएको हुंदा सो सहमति कार्यन्वयन गर्ने सम्बन्धमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्राप्त मिति २०७५।०४।१६ प.स.०७५।०७६ सं.स १२ च.न.४६ र ४३ को पत्रको छांया प्रति यसै पत्रमा संलग्न गरी जानकारी एवं आवश्यक कारवाहीको लागि पठाइएको ब्यहोरा निर्णयानुसार अनुरोध छ ।

सविता ज्ञवाली
सहायक निर्देशक


श्रीकुञ्ज भवन, कमलादी, काठमाडौं नेपाल

फोन नं. :- ९७७-१-४२५४६८१, ४२५४७१७, ४२५५६४९, ४२५५४७४, ४२५६१४३, ४२५६३७१, ४२५६१८२, ४२६६०६४० फयाक्स : ९७७-१-४२५५२५० पो.ब.नं. : ९७५४

इ-मेल : info@nta.gov.np, ntra@nta.gov.np, Website : www.nta.gov.np

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरवार

संस्थान समन्वय

प.सं.०७५।७६सं.स.१२च.नं. ४३ मिति २०७५।०४।१६

श्री अर्थ मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

बिषयः इन्टरनेटको मूल्य समायोजन सम्बन्धमा ।

आर्थिक ऐन, २०७५ बमोजिम इन्टरनेट सेवामा १३ प्रतिशत दूरसञ्चार सेवा शुल्क (TSC) लाग्ने गरेको बिषय र अन्तराष्ट्रिय बजारमा इन्टरनेट ब्याण्डविथ ( Internet Bandwidth) को मूल्य समेतलाई मध्यनजर गरी लागत बिश्लेषण गरी उपभोक्तालाई थप आर्थिक भार नपर्ने गरी शुल्क समायोजन गर्न गठित समितिको सिफारिस समेतका आधारमा तपशिल बमोजिम गर्ने गराउने भनी नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट मिति २०७५/४/१५ मा निर्णय भएकोले सोही बमोजिमको व्यवस्था हुन निर्णय अनुसार अनुरोध छ ।

तपसिलः-

१. इन्टरनेट जडान गर्दा लाग्ने राउटर लगायत उपकरण, Intranet/ Lease Line Date Connectivity मा दूरसञ्चार सेवा शुल्क (TSC) नलगाउन अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

२. ISP ले इन्टरनेट सेवा प्रदान गर्दाको विलमा कुल अंकको ५० प्रतिशत सम्म Support and Maintenance शुल्क लगाउन पाउने र सो मा TSC नलगाउन अर्थ मन्त्रालयमा अनुरोध गर्ने ।

(पवन राज कोइराला)
शाखा अधिकृत

बोधार्थः-
श्री दूरसञ्चार प्राधिकरण,
कमलादी, काठमाण्डौं ।



"निजामती कर्मचारीको प्रतिबद्धताः पारदर्शीता र चुस्तता"

नपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरवार

संस्थान समन्वय

प.सं.०७५।७६सं.स.१२च.नं.४६

मिति २०७५।०४।१६

श्री नेपाल दूरसञ्चार प्राधिकरण
कमलादी, काठमाण्डौं ।

विषयः इन्टरनेटको मूल्य समायोजन सम्बन्धमा ।

आर्थिक ऐन, २०७५ बमोजिम इन्टरनेट सेवामा १३ प्रतिशत दूरसञ्चार सेवा शुल्क (TSC) लाग्ने गरेको बिषय र अन्तराष्ट्रिय बजारमा इन्टरनेट ब्याण्डविथ ( Internet Bandwidth) को मूल्य समेतलाई मध्यनजर गरी लागत बिश्लेषण गरी उपभोक्तालाई थप आर्थिक भार नपर्ने गरी शुल्क समायोजन गर्न गठित समितिको सिफारिस समेतका आधारमा तपशिल बमोजिम गर्ने गराउने भनी नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट मिति २०७५/४/१५ मा निर्णय भएकोले सोही बमोजिम गर्नु गराउनुं हुन निर्णय अनुसार अनुरोध छ ।

तपसिलः-

१. आर्थिक ऐन, २०७५ ले २०७५ श्रावण १ गते देखि इन्टरनेट सेवामा १३ प्रतिशत दूरसञ्चार सेवा शुल्क (TSC) लिने गरी व्यवस्था भएकोमा सो व्यवस्थाबाट इन्टरनेट शुल्कमा बृद्धि हुने रकम समायोजन गर्न अर्थ मन्त्रालय, यस मन्त्रालय, दूरसञ्चार प्राधिकरण र इन्टरनेट सेवा प्रदायक समेत सहमत भएकोले इन्टरनेट शुल्कमा हुन सक्ने वृद्धिलाई इन्टरनेट सेवाको अन्तराष्ट्रिय ब्याण्डविथको मूल्य घटेको सन्दर्भ, सरकार तथा इन्टरनेट सेवा प्रदायकहरुको योगदान समेतका आधारमा इन्टरनेट सेवाको मूल्य बृद्धि नहुने गरी मूल्य समायोजन गर्ने र तत्काल सर्वसाधारण उपभोक्ताले तिर्ने इन्टरनेट सेवाको मूल्यमा कुनै बृद्धि नगर्ने गरी सर्वसाधारणलाई बिलिङ्ग गर्न दूरसञ्चार प्राधिकरण मार्फत सेवा प्रदायकहरुलाई निर्देशन दिने, सो को अनुगमन प्राधिकरणले गर्ने ।

२. Fixed Wired Broadband, इन्टरनेट सेवाको Support and Maintenance बापतको Billing गर्न पाउने गरी दूरसञ्चार नियमावली संशोधनको प्रंकृया अगाडी बढाउने ।

३. इन्टरनेट सेवा शुल्क नियमन गर्न देहाय बमोजिमको व्यवस्था मिलाउने ।
   क. दूरसञ्चार/ इन्टरनेट सेवा प्रदायकहरुले ग्राहकसँग लिने सबै शुल्क प्राधिकरणबाट स्वीकृत गराएर मात्र कार्यान्वयन गर्ने र प्राधिकरणबाट स्वीकृत नलिई कुनै पनि शुल्क असुल गर्न तत्काल रोक लगाउने ।
   ख. इन्टरनेट शुल्क स्वीकृत सेवा प्रदायकको लागतको आधारमा मूल्य निर्धारण गर्ने गरी मापदण्ड बनाई लागू गर्ने।

(पवन राज कोइराला)
शाखा अधिकृत

बोधार्थः-
श्री अर्थ मन्त्रालय,
सिंहदरवार ।

E:\मनोज\MoCIT Letters 075,76\चिट्ठीपत्र.docx

...फ्याक्स नं. ४२११७२८, Website: www.moic.gov.np

"निजामती कर्मचारीको प्रतिबद्धता: पारदर्शिता र चुस्तता"

Scanned with CamSc

नेपाल सरकार

अर्थ मन्त्रालय

विषयः– इन्टरनेट सेवाको मूल्य समायोजन सम्बन्धमा ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०७५/०९/१२

१. विषयको संक्षिप्त व्यहोरा

आर्थिक ऐन, २०७४ मा इन्टरनेट तथा पेजर सेवा वाहेक अन्य दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले ग्राहकवाट लिने महसुलको एघार प्रतिशत रकम दूरसञ्चार सेवा दस्तुर बापत असुल उपर गरिने र ग्राहकवाट असुल उपर गरिने यस्तो दस्तुर रकम दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले मूल्य अभिवृद्धि कर सहित दाखिला गर्नु पर्ने कानूनी व्यवस्था रहेकोमा आर्थिक ऐन, २०७५ को दफा १५ मा भएको व्यवस्था बमोजिम २०७५ श्रावण १ गतेदेखि इन्टरनेट सेवामा समेत तेह्र प्रतिशतका दरले दूरसञ्चार सेवा दस्तुर लाग्ने गरी व्यवस्था भएको छ ।

यसरी साविकमा इन्टरनेट सेवामा दूरसञ्चार सेवा दस्तुर नलागेकोमा २०७५ श्रावण १ देखि ग्राहकवाट लिने महसुलको तेह्र प्रतिशत दस्तुत लाग्ने व्यवस्थावाट अन्य दूरसञ्चार सेवाहरुमा साविकभन्दा थप २ प्रतिशत र इन्टरनेट सेवामा पुरै थप १३ प्रतिशत दूरसञ्चार सेवा दस्तुर लागेकोले इन्टरनेट सेवाको मूल्य नै महंगो हुन गएको भन्ने जनगुनासो रहेको ।

प्रस्तुत विषय तथा अन्तर्राष्ट्रिय वजारमा इन्टरनेट व्याण्डविथको मूल्य समेतलाई मध्यनजर गरी लागत विश्लेषणसहित उपभोक्तालाई थप आर्थिक भार नपर्ने गरी इन्टरनेटको मूल्य समायोजन गर्न सुझाव पेश गर्नेगरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयवाट एक समिति गठन समेत भएकोमा उक्त समितिबाट प्राप्त सुझावहरुका आधारमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयवाट मिति २०७५/०४/१६ को पत्रमार्फत मूल्य समायोजनको विषय/आधार सहित सिफारिससाथ अनुरोध भई आएको ।

२. प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा

साविकमा इन्टरनेट सेवामा दूरसञ्चार सेवा दस्तुर नलागेकोमा २०७५ श्रावण १ देखि ग्राहकबाट लिने महसुलको तेह्र प्रतिशत दस्तुत लाग्ने व्यवस्थाबाट इन्टरनेट सेवाको मूल्य महंगो हुन गएको भन्ने विषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट गठित समितिको सुझावका आधारमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको च.नं. ४३ मिति २०७५/०४/१६ को पत्रवाट माननीय मन्त्रिस्तरको निर्णयानुसार इन्टरनेट जडान गर्दा लाग्ने राउटर लगायतका उपकरण, इन्ट्रानेट/लिज लाइन डाटा कनेक्टिभिटीमा दूरसञ्चार सेवा दस्तुर (टि.एस.सी.) नलगाउने र आई.एस.पी.(इन्टरनेट सर्भिस प्रोभाइडर) ले इन्टरनेट सेवा प्रदान गर्दाको विलमा कुल अंकको ५० प्रतिशतसम्म सपोर्ट एण्ड मेन्टेनेन्स शुल्क लगाउन पाउने र सोमा

सचिव (राजस्व)



Scanned with CamScanner

दूरसञ्चार सेवा दस्तुर (टि.एस.सी.) नलाग्ने गरी मूल्य समायोजनको विषय सिफारिस भई आएको छ ।

इन्टरनेट जडान गर्दा लाग्ने राउटर लगायतका उपकरण, इन्ट्रानेट/लिज लाइन डाटा कनेक्टिभिटी इन्टरनेट सेवाका लागि आवश्यक पर्ने आधारभूत उपकरण वा सेवा भएकोले त्यस्ता इन्टरनेट सेवाका पूर्वाधारजन्य वस्तु तथा सेवाहरुमा दूरसञ्चार सेवा दस्तुर नलाग्ने व्यवस्था हुन र इन्टरनेट सेवा प्रदायकहरुले जडान तथा नियमित मर्मत सम्भारवापत समेत लागत खर्च गर्नुपर्ने भएकाले त्यस्तो शीर्षकमा ग्राहकबाट लिने रकममा समेत दूरसञ्चार सेवा दस्तुर असुल गर्न नपर्ने व्यवस्था हुन उपयुक्त हुने र यसो गर्दा सेवा प्रदायकले लिने विल रकममा दूरसञ्चार सेवा दस्तुरवापत लाग्ने रकम समेत समायोजन हुने अवस्था देखिएको ।

## ३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिस

इन्टरनेट सेवा आधारभूत सेवाको रुपमा स्थापित हुँदै गएको सन्दर्भमा उपभोक्ताका लागि दूरसञ्चार सेवा दस्तुर लागेका कारण साविकको मूल्यमा इन्टरनेट सेवाको मूल्य नबढ्ने गरी इन्टरनेट सेवा प्रदायकहरुले उपभोक्ता/ग्राहकसँग लिने मूल्य समायोजन गर्न आवश्यक देखिन्छ। यसका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको उल्लेखित पत्रबाट प्राप्त सिफारिस कार्यान्वयन गरी दूरसञ्चार सेवा दस्तुर लाग्ने मूल्य स्पष्ट गर्न आवश्यक देखिएको र यसका लागि इन्टरनेट जडान गर्दा लाग्ने राउटर लगायतका उपकरण, इन्ट्रानेट/लिज लाइन डाटा कनेक्टिभिटी र मर्मत सम्भार शुल्कमा आर्थिक ऐन, २०७५ को दफा १८ को उपदफा (१) बमोजिम दूरसञ्चार सेवा दस्तुर छुट दिने गरी नेपाल सरकार, मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेश गर्न माननीय अर्थमन्त्रीबाट मिति २०७५/०९/१२ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्य सम्पादन नियमावली) २०६४ को अनुसूचि १ को विषय संख्या ७ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

## ४. निर्णय हुनुपर्ने व्यहोरा

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट गठित समितिको प्रतिवेदन तथा सो मन्त्रालयको सिफारिससमेतका आधारमा इन्टरनेट सेवा प्रदायकहरुले उपभोक्ता/ग्राहकसँग लिने मूल्य नबढ्ने गरी मूल्य समायोजन गर्न आवश्यक भएको र सोको लागि देहाय बमोजिम गर्ने गरी स्वीकृति प्रदान गर्ने ।

क) इन्टरनेट जडान गर्दा लाग्ने राउटर लगायतका उपकरण, इन्ट्रानेट/लिज लाइन डाटा कनेक्टिभिटी र मर्मत सम्भार शुल्कमा दूरसञ्चार सेवा दस्तुर छुट दिने ।

(लाल शंकर घिमिरे)

मिति: २०७५/०९/१२

श्री सचिव,
अर्थ मन्त्रालय ।

इन्टरनेट सेवाको मूल्य समायोजना विषयको अर्थ मन्त्रालयको दर्ता नं. २/१०७-०७५/९/१३ को प्रस्ताव मं.प.बै.सं. ११/०७६ मिति २०७६/२/२३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु –

नेपाल सरकारको निर्णय –

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव
२०७६/२/२३

Scanned with CamScanner

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, साउन १५ गते, २०७६ साल (संख्या १९

## भाग ३

**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सूचना**

<u>दूरसञ्चार (नवौं संशोधन) नियमावली, २०७६</u>

**प्रस्तावनाः** दूरसञ्चार नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दूरसञ्चार ऐन, २०५३ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरुको नाम "दूरसञ्चार (नवौं संशोधन) नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२. <u>दूरसञ्चार नियमावली, २०५४ को नियम १५ मा संशोधनः-</u> दूरसञ्चार नियमावली, २०५४ को नियम १५ को उपनियम (१) को खण्ड (ज) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर दूरसञ्चार सेवा अन्तर्गतका फिक्स्ड वायर्ड ब्रोडब्याण्ड सेवा प्रदान गरे बापत लाग्ने महसुलमा बढीमा पचास प्रतिशतसम्म मर्मत सम्भार शुल्क लगाउन सक्नेछ"

आज्ञाले,
महेन्द्र मान गुरुङ्ग
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।-
गो.द्र.ब.नं. १६।२०६२।६३

संघीय संसद

प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

# २०औं वार्षिक प्रतिवेदन
## २०७७


सार्वजनिक लेखा समिति सचिवालय

सिंहदरबार, काठमाडौं

फोन नं.: ४२००२१८, ४२००२०६, ४२११७४४

*E-mail: pacommittee@parliament.gov.np*

*URL: pac.parliament.gov.np*

*parliament.gov.np*

# प्रतिनिधि सभा
## सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
### महालेखापरीक्षकको ५६औं वार्षिक प्रतिवेदन, २०७४/०७५ उपर भएको छलफलका मिति २०७६/०२/३० का निणर्यहरु

| क.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| १. | १ | **योजना नीति र बजेट कार्यान्वयन :** | आवधिक योजना र बजेट बक्तव्यमा समावेश भएका कार्यक्रम समयमै कार्यान्वयन गर्न निर्देशन दिने । |
| २. | २ | **ब्रोडव्याण्ड नीति :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| ३. | ३ | **क्लाउड कम्प्युटिंग :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| ४. | ४ | **फ्रिक्वेन्सी पुनर्वितरण :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| ४. | ५ | **न्यूनतम फ्रिक्वेन्सी दस्तुर :** | नियमानुसार बुझाउनुपर्ने दस्तुर बुझाउन बाँकी नदेखिएकोले बेरुजु लगत हटाउन निर्देशन दिने । |
| ५. | ६ | **फ्रिक्वेन्सी दस्तुर असुली :** | असुल गर्नुपर्ने दस्तुर र थप दस्तुर समेत तीन महिना भित्र असुल गरी गराई समितिलाई जानकारी गराउन निर्देशन दिने । |
| ७. | ७ | **दूरसंचार रोयल्टी :** | दूर संचार रोयल्टी बुझाउनुपर्ने ३ सेवा प्रदायक मध्ये ब्रोड लिंक नेटवर्क एण्ड कम्युनिकेशनले बुझाइसकेकोले उक्त कम्पनीको नाममा रहेको बेरुजु लगत हटाउने र बाँकी २ कम्पनि संग तीन महिना भित्र असुल उपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने । उल्लिखित २० सेवा प्रदायकको हकमा दूरसंचार नियमावली, २०५४ को नियाम २६ र अनुशूची ६ (क) |

| क्र.सं. | बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | समितिको निर्णय |
|---|---|---|---|
| | | | अनुसार Support Charge, Annual Maintenance, Technical Charge,र Monitoring Charge जस्ता गैर दूरसंचार सेवामा RTDF र रोयल्टी नलाग्ने देखिएकोले बेरुजु लगत हटाउन निर्देशन दिने । |
| ८. | ८ | **किस्तावन्दीको रोयल्टी :** | बुझाउन बाँकी रोयल्टी तथा फ्रिक्वेन्सी दस्तुरको किस्ता ब्याज सहित तीन महिना भित्र असुल उपर गर्न निर्देशन दिने । |
| ९. | ९ | **थप दस्तुर :** | असुल उपर भै सकेकोले बेरुजु लागत हटाउन निर्देशन दिने । |
| १०. | ९ | **सञ्चिती :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| ११. | ११ | **सशर्त अनुदान :** | सुझाव अनुसार गर्न निर्देशन दिने । |
| **हुलाक सेवा विभाग** | | | |
| १२. | १२ | **इजाजत :** | स्वदेशी तथा विदेशी संस्थालाई हुलाक सेवा संचालन गर्न दिंदा इजाजत दस्तुर, नवीकरण दस्तुर र रोयल्टी लिने व्यवस्था गरी हुलाक सेवा संचलान व्यवस्थित गर्न निर्देशन दिने । |
| १३. | १३ | **हुलाक सेवा सञ्चालन :** | हुलाक सेवाको पुनः संरचना गर्न र हुलाक सेवाको विविधिकरण तथा आधुनिकीकरण गरी समय सापेक्ष बनाउन निर्देशन दिने । |
| १४. | १४ | **टर्मिनल ड्यूज :** | हुलाक सेवा विभाग र विश्व हुलाक सेवा वीच लिनु दिनु पर्ने हिसाब फरफारक गर्न निर्देशन दिने । |
| १५. | १५ | **चिठ्ठीपत्र व्यवस्थापन :** | सुझाव अनुसार गर्न गराउन निर्देशन दिने । |
| १६. | १६ | **डाँक ढुवानी :** | कारोबारसँग सम्बन्धित सेवा प्रदायकको विल बिजक एवं ठेगाना छानविन नगरी भुक्तानी पठाएको सम्बन्धमा अध्ययन गरी तयार गरेको प्रतिवेदन समितिमा पेश गर्न निर्देशन दिने । |
| १७. | १७ | **भवन निर्माण :** | सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको जनाएकोले फैसला पछि सोहि अनुसार गर्न निर्देशन |

संघीय संसद

प्रतिनिधि सभा

सार्वजनिक लेखा समिति

# २१औं

# वार्षिक प्रतिवेदन

## २०७८

सार्वजनिक लेखा समिति सचिवालय

सिंहदरबार, काठमाडौं

फोन नं.: ४२००२१८, ४२००२०६, ४२११७४४

*E-mail: pacommittee@parliament.gov.np*

*URL: parliament.gov.np*

# प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
## बेरुजु छलफल उपसमिति
## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

महालेखापरीक्षकको **५७औं वार्षिक प्रतिवेदन,** २०७७ उपर मिति २०७८/६/१०, १२, १६ र १७ गते भएका छलफलका निर्णयहरु

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १ | **सरकारी कार्यालय** - मन्त्रालय र मातहतका ९३ सरकारी कार्यालयको रु. १७ अर्ब ७७ करोड ७३ लाखको लेखापरीक्षण सम्पन्न भएको । | केही गर्नु नपर्ने । |
| २ | **संगठित संस्था र अन्य संस्था** - ११ संस्थाको रु. ५२ अर्ब २८ करोड ५० लाखको लेखापरीक्षण भएको । | केही गर्नु नपर्ने । |
| ३ | **चौधौं योजना कार्यान्वयन** - | *** |
| ३.१ | काठमाडौं, भक्तपुर र ललितपुरलाई एकै हुलाक क्षेत्र मानी उपत्यकाका हुलाक सेवालाई गोश्वारा हुलाकमार्फत सञ्चालन गर्ने तथा सुरक्षण मुद्रणसम्बन्धी कानूनी र संस्थागत आधार तयार गर्ने कार्य नभएको । | काठमाडौं, भक्तपुर र ललितपुरलाई एकै हुलाक क्षेत्र मानी उपत्यकाका हुलाक सेवालाई गोश्वारा हुलाकमार्फत सञ्चालन गर्न र चौधौं योजनाले निर्देशित गरेबमोजिम राहदानी, अन्तःशुल्क स्टिकर, ऋणपत्र, चेकबुक लगायतका सामग्रीको छपाई सुरक्षण मुद्रण सम्बन्धी कानुनी र संस्थागत व्यवस्था गरी छपाई गर्न निर्देशन दिने । |
| ३.२ | प्रसारण प्रविधिमा भू-उपग्रह प्रविधिको प्रगती नभएको । | आवधिक योजनाले निर्देशित गरेबमोजिम प्रगति हासिल गर्दै जान निर्देशन दिने । |

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ९ | **न्युनतम फ्रिक्वेन्सी दस्तुर** - न्यूनतम फ्रिक्वेन्सी दस्तुर एकमुष्टरुपमा सो सेवा प्रदायकको वार्षिक कुल आम्दानीको ०.४ प्रतिशत कायम गरिने व्यवस्था भएतापनी यो वर्ष नेपाल टेलिकमबाट न्यूनतम फ्रिक्वेन्सी दस्तुर रु. ३ करोड ६७ लाख २९ हजार घटी असुल गरेको छ । सार्वजनिक लेखा समितिबाट अब आइन्दा कुल आम्दानी सम्बन्धमा स्पष्ट आधार तयार गरी संकलन गर्न निर्देशन दिने निर्णय भएपनि सोको आधार तयार नभएको। | दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्यसम्बन्धी) नीति, २०६९ बमोजिम न्यूनतम फ्रिक्वेन्सी दस्तुर नियमित असुल गर्न, सार्वजनिक लेखा समितिबाट दिइएको निर्देशनको पालना गर्न र पुराना बक्यौता असुल गर्न निर्देशन दिने । |
| १० | **फ्रिक्वेन्सी दस्तुर असुली** - सेवा प्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुर दाखिला नगरेकोले फ्रिक्वेन्सी दस्तुर र थप दस्तुरसमेत रु. ९१ करोड ७६ लाख ५५ हजार असुल गर्नुपर्दछ । | अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबीच समन्वय गरी उल्लिखित फ्रिक्वेन्सी दस्तुर असुल गरी समितिलाई जानकारी दिन निर्देशन दिने । |
| ११ | **दुरसञ्चार रोयल्टी** - नियमावलीको व्यवस्था अनुसार सेवा प्रदायकसँग रोयल्टी रकम असुल नगरेको । | दूरसञ्चार नियमावली, २०५४ को नियम २६ बमोजिम दूरसञ्चार रोयल्टी असुलीका लागि नीतिगत सुधार गरी प्रक्रिया अघि बढाउन, ऐनमा नै धरौटीको व्यवस्था गर्न र लगत कट्टा गरी फरफारक गर्न गराउन निर्देशन दिने । |
| १२ | **रोयल्टी तथा फ्रिक्वेन्सी** - २०७४ र २०७५ को आश्विनसम्म बुझाउनुपर्ने रोयल्टी तथा दस्तुरको किस्ता रु. ४० करोड ७३ लाख ७६ हजार ब्याजसहित असुल गर्नुपर्छ । | रोयल्टी तथा फ्रिक्वेन्सी दस्तुर असुली सम्बन्धमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र दूरसञ्चार प्राधिकरणबीच समन्वय गरी असुल उपर गर्न निर्देशन दिने । |
| १३ | **प्रसारण रोयल्टी** - **जिल्ला हुलाक** सुनसरीले २०६९।७० देखि २०७४।७५ सम्मको नपुग रकम रु. २० लाख ३८ हजार रोयल्टी रकम र सोमा लाग्ने थप दस्तुरसमेत असुल गर्नुपर्ने । | राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११ बमोजिम असुल गर्नुपर्ने रोयल्टी रकम र सोमा लाग्ने थप दस्तुर तीन महिनाभित्र असुल उपर गर्न निर्देशन दिने । |

संघीय संसद

प्रतिनिधि सभा

सार्वजनिक लेखा समिति

# २२औं

# वार्षिक प्रतिवेदन

## २०७९


सार्वजनिक लेखा समिति सचिवालय

सिंहदरबार, काठमाडौं

फोन नं.: ४२००२१८, ४२००२०६, ४२११७४४

E-mail: pacommittee@parliament.gov.np

URL: parliament.gov.np

## प्रतिनिधि सभा

## सार्वजनिक लेखा समिति

## बेरुजु छलफल उपसमिति

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**महालेखापरीक्षकको ५७औं वार्षिक प्रतिवेदन, २०७७ उपर मिति २०७९/०३/२८ गते भएको छलफलको पुनः निर्णय**

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| ११ | **दुरसञ्चार रोयल्टी-** नियमावलीको व्यवस्थानुसार सेवा प्रदायकसँग रोयल्टी रकम असुल नगरेको । | सार्वजनिक लेखा समितिको २१औं वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुका सम्बन्धमा लगत हटाउन निर्देशन भएकोमा हालसम्म पनि कार्यान्वयन नभएकोले दूरसञ्चार नियमावली, २०५४ को नियम २६ र अनुसूची ६(क) अनुसार **Support Charge, Annual Maintenance, Technical Charge** र **Monitoring Charge** जस्ता गैर दूर सञ्चार सेवामा **RTDF** र रोयल्टी नलाग्ने देखिएकोले बेरुजु लगत हटाउन पुनः निर्देशन दिने । |

## प्रतिनिधि सभा
## सार्वजनिक लेखा समिति
### बेरुजु छलफल उपसमिति
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

महालेखापरीक्षकको **५८औं** वार्षिक प्रतिवेदन, २०७८ उपर मिति २०७९/०३/२८ गते भएको छलफलको निर्णय

| बेरुजुको दफा | बेरुजुको संक्षिप्त विवरण | उपसमितिको निर्णयहरु |
|---|---|---|
| १२ | **दुरसञ्चार रोयल्टी-** आठ दूरसञ्चार सेवा प्रदायक संस्थाले आय गरेको रकमको चार प्रतिशतले हुने रोयल्टी रु.३ करोड १ लाख २० हजार र चार सेवा प्रदायकले ग्राहकसँग असुल गरेको मर्मत तथा सपोर्ट चार्ज, अन्य चार्ज लगायत कूल आयमा ४ प्रतिशतले लाग्ने रोयल्टी रु. १० करोड ९५ लाखसमेत दाखिला गर्नुपर्नेमा नगरेको । | उल्लिखित बेरुजुका सम्बन्धमा दूरसञ्चार नियमावली, २०५४ को नियम २६ र अनुसूची ६(क) अनुसार **Support Charge, Annual Maintenance, Technical Charge** र **Monitoring Charge** जस्ता गैर दूर सञ्चार सेवामा **RTDF** र रोयल्टी नलाग्ने देखिएकोले बेरुजु लगत हटाउन निर्देशन दिने । |

संघीय संसद
प्रतिनिधि सभा
सार्वजनिक लेखा समिति

प. सं.: ०७८/०७९
च. नं.: ६९

सिंहदरवार, काठमाडौं ।

मितिः २०७९/०१/२५

माननीय महालेखापरीक्षकज्यू,
महालेखापरीक्षकको कार्यालय,
अनामनगर, काठमाडौं ।

विषयः बेरुजु सम्बन्धमा समितिको निर्णयलाई थप स्पष्ट पारिएको बारे ।

प्रस्तुत विषयमा यही मिति २०७९/१/२२मा संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिवज्यू र मिति २०७९/१/२५ मा माननीय महालेखापरीक्षकज्यू सँग भएको छलफल पश्चात् समितिका निर्णयहरू थप स्पष्ट गरी पठाउने सन्दर्भमा यो पत्र लेखिंदै छ । यसै सन्दर्भमा महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदन, २०७५ मा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गतको बेरुजु दफा ७ मा उल्लिखित दूरसञ्चार रोयल्टीसम्बन्धी बेरुजुउपर सार्वजनिक लेखा समितिले २०७६/०२/३० मा "दूरसञ्चार रोयल्टी बुझाउनुपर्ने ३ सेवा प्रदायकमध्ये ब्रोड लिंक नेटवर्क एण्ड कम्युनिकेशनले बुझाइसकेकोले उक्त कम्पनीको नाममा रहेको बेरुजु लगत हटाउने र बाँकी २ कम्पनीसँग तीन महिनाभित्र असुलउपर गरी समितिलाई जानकारी गराउन निर्देशन दिने र उल्लिखित २० सेवा प्रदायकको हकमा दूरसञ्चार नियमावली, २०५४ को नियम २६ र अनुसूची ६(क) अनुसार गैर दूरसञ्चार सेवामा RTDF र रोयल्टी नलाग्ने देखिएकोले बेरुजु लगत हटाउने निर्देशन दिने" निर्णय भएको; त्यसैगरी महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदन, २०७७ मा मन्त्रालयको बेरुजु दफा ११ को बेरुजु सम्बन्धमा समितिले "दूरसञ्चार नियमावली, २०५४ को नियम २६ बमोजिम दूरसञ्चार रोयल्टी असुलीका लागि नीतिगत सुधार गरी प्रक्रिया अघि बढाउन, ऐनमा नै धरौटीको व्यवस्था गर्न र लगत कट्टा गरी फरफारक गर्न गराउन निर्देशन दिने" निर्णय भएको थियो ।

उपरोक्त सम्बन्धमा दूरसञ्चार नियमावली, २०५४ को नियम २६ को स्पष्टीकरण खण्डमा वार्षिक कुल आम्दानी भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले ग्राहकसँग लिएको धरौटी, सेवा कर,

संघीय संसद
प्रतिनिधि सभा
# सार्वजनिक लेखा समिति
२०७५

प. सं.: ०८८/०८९
च. नं.: ६३

सिंहदरवार, काठमाडौं ।

मूल्य अभिवृद्धि कर लगायत अन्य अप्रत्यक्ष कर तथा दूरसञ्चार सम्बन्धी उपकरण बिक्री गर्दा प्राप्त हुने रकम बाहेक दूरसञ्चार सेवा प्रदान गरेवापत अनुमतिपत्र प्राप्त व्यक्तिले प्राप्त गरेको आम्दानीलाई जनाउँछ भनेर उल्लेख गरिएको, साथै नियमावलीको अनुसूची ६(क) मा दूरसञ्चार सेवाका किसिमहरू किटान गरिएको र अन्य दूरसञ्चार सेवाको लागि प्राधिकरणको सिफारिसमा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको रकम दस्तुरवापत लाग्ने व्यवस्था गरेको हुँदा अनुमतिप्राप्त दूरसञ्चार सेवाबाट भएको कुल आम्दानीमा मात्र रोयल्टी शुल्क लाग्ने भएकोले अनुमति प्राप्त संस्थाले अन्य सेवाबाट प्राप्त गरेको आम्दानीमा रोयल्टी दस्तुर लाग्ने स्पष्ट व्यवस्था नभएको अवस्थामा समितिबाट निर्णय भई नीतिगत सुधार गर्न निर्देशन दिएको र उल्लिखित बेरुजु रकमहरू लगतबाट हटाउन समितिले निर्देशन दिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ को दफा ४१ (३) बमोजिम बेरुजु लगत हटाई समितिलाई यथाशिघ्र जानकारी गराउनु हुन निर्देशानुसार अनुरोध छ । यस सम्बन्धी कागजातहरू पाना दस (१०) समेत यसै साथ् संलग्न छन् ।

(डा. रोजनाथ पाण्डे)
सचिव

बोधार्थ तथा कार्यार्थ :
संचार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(सूचना तथा संचार प्रविधि ले.प. निर्देशनालय)

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्रसंख्या: २०७८।७९ च.नं. 63

मिति: २०७९।०१।२६

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय: लगत कट्टाको जानकारी पठाएको ।

महालेखा परीक्षकको ५६ औं वार्षिक प्रतिवेदन २०७५ मा समावेश भएको आर्थिक वर्ष २०७४।७५ को दुरसंचार रोयल्टी रु.४,२९,१९,६३६.० घटी असुल गरेको भनी कायम भएको बेरुजू दफा १७ को सम्वन्धमा संघिय संसद प्रतिनिधि सभा सार्वजनिक लेखा समितिको मिति २०७६।२।३० को निर्णय बमोजिम मन्त्रालयबाट २०७८।५।२४ मा रु.४,०३,८३,९२४.० बेरुजू फछ्र्यौट गरी लगत कट्टाको लागि २०७८।१२।२१ मा मन्त्रालयका लेखा उत्तरदायी अधिकृतबाट अनुरोध भई आएकोले नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।२।२३ को निर्णय, सार्वजनिक लेखा समितिको २०७६।२।३० को निर्णय तथा संघीय संसद, प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिको च.नं ६९ मिति २०७९।१।२५ को पत्रबाट थप स्पष्ट गरिए बमोजिम आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ४१ तथा नियमावली, २०७७ को नियम ९१(२) बमोजिम मिति २०७९।१।२६ को निर्णयानुसार लगत कट्टा गरिएको व्यहोरा अनुरोध छ ।

(भिमराम गुरौ)
निर्देशक

**बोधार्थ**
संघीय संसद, प्रतिनिधि सभा, सार्वजनिक लेखा समिति,
सिंहदरवार, काठमाडौं ।